# किफायती इन्टरनेट कार्यक्रम

घरपरिवारलाई इन्टरनेट जोड्न सहयोग गर्ने कार्यक्रम

**Pennsylvania**
WORK SMART. LIVE HAPPY.

## को योग्य छ ?

कुनै परिवारको आय गरिबीको सीमा (संघीय निर्देशिकाद्वारा निर्धारण गरिएको सीमा) जति वा त्यसको 200% मुनि छ वा उक्त परिवारका कुनै एक सदस्यले निम्न मध्ये कम्तीमा एक मापदण्ड पूरा गरेका छन् भने मात्र उक्त परिवार किफायती इन्टरनेट कार्यक्रमको छूट प्राप्त गर्न योग्य हुन्छ:

- वर्तमान पुरस्कार वर्षका दौरान Federal Pell Grant प्राप्त गरेका छन् भने ।
- सहभागी प्रदायकको न्यून-आय तर्फ लक्षित इन्टरनेट कार्यक्रमको योग्यता मापदण्ड पूरा गरेका छन् भने;
- निम्न मध्ये कुनै सहायता कार्यक्रममा सहभागी भएका छन् भने:
  - पूरक पोषण सहायता कार्यक्रम (SNAP)
  - Medicaid
  - संघीय सार्वजनिक आवास सहायता (Federal Public Housing Assistance)
  - पूरक सुरक्षा आय (Supplemental Security Income वा SSI)
  - महिला, नवजात शिशु, तथा बालबालिकाको विशेष पूरक पोषण कार्यक्रम (WIC)
  - पूर्व सैनिकको पेन्सन र बाचेकाले प्राप्त गर्ने सेवा सुविधाहरू
  - विद्यालयको निःशुल्क तथा सहुलियत खाजा तथा खाना कार्यक्रम
  - Lifeline

ग्राहकसँग सम्बन्धित बारम्बार सोधिने प्रश्न तथा कार्यक्रमसम्बन्धी अन्य जानकारीका लागि, fcc.gov/ACP हेर्नुहोला ।

**किफायती इन्टरनेट कार्यक्रम (Affordable Connectivity Program वा ACP)** एउटा FCC कार्यक्रम हो जसले इन्टरनेट सेवाको खर्च बहन गर्न कठिनाइ भइरहेको परिवारलाई इन्टरनेट जोड्न सहयोग गर्छ । किफायती इन्टरनेट कार्यक्रमले निम्न कुराहरू प्रदान गर्छः

- ☑ ब्रोडब्यान्ड सेवाका लागि प्रति महिना $30 सम्मको छूट;
- ☑ परिवारले खरिद मूल्यमा $10 भन्दा बढी तर $50 भन्दा कम रकम खर्च गरेको खण्डमा, कार्यक्रममा सहभागी भएको प्रदायकबाट ल्यापटप, डेस्कटप कम्प्युटर, वा ट्याबलेट खरिद गर्दा, $100 सम्मको लागि एक पटकको छूट ।

किफायती इन्टरनेट कार्यक्रम एक महिनाको सेवाको छूट र प्रति घर एक उपकरणमा सीमित गरिएको छ ।

## भर्ना हुने दुई चरणहरू

1. आवेदन पेस गर्न वा हुलाक मार्फत पठाउन मिल्ने आवदेन प्रिन्ट गर्न AffordableConnectivity.gov मा जानुहोला; र
2. योजना चयन गर्न र बिलमा छूट प्राप्त गर्न आफूले रुचाएको सहभागी प्रदायकलाई सम्पर्क गर्नुहोला ।

केही प्रदायकहरूले वैकल्पिक आवेदनको व्यवस्था गरेका हुन सक्छन् जुन उनीहरूले तपाईंलाई भर्न लगाउने छन् । योग्य परिवारले सेवा योजना छनौट गर्न कार्यक्रममा आवेदन पनि दिनु पर्दछ र सहभागी प्रदायकलाई सम्पर्क पनि गर्नु पर्दछ ।

## उपभोक्ताहरू कसरी सुरक्षित छन् ?

FCC को नियमले निम्न कुराहरू गरेर किफायती इन्टरनेट कार्यक्रमका सेवाग्राहीहरूलाई सुरक्षा प्रदान गर्छः

- उपभोक्तालाई आफ्ना आवश्यकताहरू पूरा गर्ने सेवा योजना छनौट गर्ने अधिकार दिएर (पहिल्यै लिएको योजना छनौट गर्ने विकल्प सहित);
- क्रेडिटको अवस्था जे जस्तो भए पनि उपभोक्ताहरूले समर्थित ब्रोडब्यान्ड सेवाको पहुँच प्राप्त गर्छन् भनेर सुनिश्चित गरेर;
- प्रदायकहरूलाई शुल्क बाँकी भएका वा पूर्व ऋण भएका उपभोक्ताहरूलाई कार्यक्रममा भर्ना गर्नबाट बाहिर राख्न नदिएर;
- उपभोक्ताहरूलाई ACP प्राप्त गर्नका निम्ति अझ महँगो वा न्यून गुणस्तरीय योजना रोज्न बाध्य हुनबाट रोकेर;
- उपभोक्ताले समयावधि अगावै सेवा रद्द गर्नु परेको अवस्थामा सेवा रद्द गरे बापत कुनै शुल्क तिर्नु पर्दैन भनेर सुनिश्चित गरेर;
- बिलका कारण निम्तिने तनाव वा अन्य आर्थिक नोक्सानी कम गरेर;
- ACP प्राप्त गरेका सेवाग्राहीहरूलाई प्रदायक वा ब्रोडब्यान्ड सेवा परिवर्तन गर्न दिएर; र
- ACP सम्बन्धी उजुरीहरूका लागि FCC को एउटा विशेष प्रक्रिया प्रदान गरेर

## थप जानकारी

ग्राहकसँग सम्बन्धित बारम्बार सोधिने प्रश्न तथा कार्यक्रमसम्बन्धी अन्य जानकारीका लागि, fcc.gov/ACP हेर्नुहोला ।

तपाईंले आफ्नो योग्यता वा आवेदनको अवस्थाको बारेमा कोहीसँग कुराकानी गर्नु छ भने, (877) 384-2575 मा ACP को सहायता केन्द्रलाई फोन गर्नुहोला ।